# सम्पादकीय

"हाम्रो वन सम्पदा" को तेस्रो अङ्क बडादशैं २०६० को पूर्व सन्ध्यामा यहाँहरु समक्ष ल्याउन पाउँदा हामीलाई खुसी लागेको छ । तपाईंहरुको सल्लाह र सुझावहरुले पक्कै पनि यस चौमासिक पत्रिकाका अङ्कहरु क्रमशः परिस्कृत हुँदैछन् भन्नेमा हामी विश्वस्त छौं । यसपटक नेपालको वन स्रोत व्यवस्थापनको सन्दर्भमा व्यापक चर्चामा रहेको **साझेदारी वन व्यवस्थापन** अवधारणालाई समेटेर यो अङ्क प्रस्तुत गरेका छौं ।

संसारभरि नै उदाहरणीय सामुदायिक वन (सा.व.) कार्यक्रमलाई कसरी अझ राम्रो बनाउन सकिन्छ भनेर लाग्नु पर्ने अवस्थामा किन अहिले आएर नयाँ विकल्पको रुपमा साझेदारी वन व्यवस्थापन लागू गर्न खोजिँदै छ भन्ने सवालमा बिभिन्न व्यक्ति, दातृ संस्था, परियोजना, सामुदायिक वन उपभोक्ता महासंघ, सरकारी तथा गैह्र सरकारी संस्थाहरुमा कार्यरत कर्मचारीहरुका विचार तथा धारणाहरुलाई समेटेर यहाँहरु समक्ष राख्ने कोशिश गरेका छौं ।

**हरिराज न्यौपाने**ले सरकारद्वारा प्रस्तुत साझेदारी वन व्यवस्थापन दिग्दर्शन २०६० लाई संक्षेपमा चिरफार गर्नु भएको छ । **डा. हिक्मत सिंह के.सी.** र **कुमुद श्रेष्ठ**ले साझेदारी वनको संरचना भित्रबाट प्राप्त हुने फाइदा र चुनौतीहरुलाई साझेदारी वन व्यवस्थापन दिग्दर्शन २०६० को सेरोफेरोमा रहेर विश्लेषण गर्नु भएको छ भने सा.व. उपभोक्ता महासघंका **भोला भट्टराई** र **दिलराज खनाल**ले छुट्टाछुट्टै लेख मार्फत साझेदारी वनको आलोचना गर्दै सा.व. को पक्षमा आफ्ना तर्कहरु राख्नु भएको छ । त्यसैगरी **कमल भण्डारी** र **ठाकुरप्रसाद पाण्डे**ले साझेदारी वन व्यवस्थापनका सवालमा स्थानीय स्तरको अनुभवलाई प्रस्तुत गर्नु भएको छ । वहाँहरुले सा.व. अवधारणा भित्र सा.व. बाट टाढा रहेका उपभोक्ताहरुको आवश्यकतालाई समेट्न सकिने कुरा उदाहरण सहित पेश गरी तराईको वन व्यवस्थापनको लागि छुट्टै व्यवस्थापनको आवश्यकता नभएको कुरा औंल्याउनु भएको छ । **सोमत घिमिरे**को लेखमा सरकारी निर्णयहरु अपरिपक्व भएको कुरा सरकारी नीतिको ऐतिहासिक विश्लेषण मार्फत प्रष्ट्याउनु भएको छ र सा.व. व्यवस्थापन नै उपयुक्त पद्धति भएको कुरामा जोड दिनुभएको छ ।

**डा. भरत पोखरेल**ले आफूलाई 'मध्यमार्गी'को रुपमा उभ्याउदै दुबै वन व्यवस्थापन प्रणालीहरु गरिबमुखी हुनु पर्ने कुरामा जोड दिए पनि उहाँको अभिमत सा.व. तर्फ नै ढल्किएको देखिन्छ । यो अङ्कमा समावेश गरिएको **हरिराज न्यौपाने**को अर्को लेखमा साझेदारी वन व्यवस्थापनबारे सरकारी दृष्टिकोण माथिको विवेचनात्मक टिप्पणी गर्दै साझेदारी वन सा.व. को विकल्पमा नभै स्थानीय उपभोक्ताको पहुँच बाहिर 'सरकारद्वारा व्यवस्थित वन' मा लागू गर्ने बारेमा, मात्र छलफल हुन उपयुक्त हुने उल्लेख गर्नु भएको छ । यसैगरी **ध्रुब पौडेल**ले आफ्नो लेखमा वनको साझेदारी व्यवस्थापन प्रणालीले सरोकारवालाहरुको बीचमा विवाद खडा गरेको यथार्थलाई उजागर गर्ने कोसिस गर्नु भएको छ । त्यस्तै **हेमन्तराज ओझा**ले श्री ५ को सरकारले अध्यायदेश मार्फत ल्याइएको सा.व. को वन पैदावार बिक्रिबाट प्राप्त हुने रकमको ४०% राजस्वको रुपमा बुझाउनु पर्ने प्रावधानलाई सा.व. को अहितमा रहेको तथ्य औंल्याउदै सो को भागबण्डा भन्दा पनि गरिबमुखी स्रोत परिचालन गर्नु पर्ने कुरामा जोड दिनु भएको छ । यसरी हेर्दा, आम्दानी बाडँफाँटको विषय पनि साझेदारी वन व्यवस्थापनकै एक प्रमुख सवालको रुपमा देखिएको छ । यसका साथै केही कविताहरु सहित अन्य स्थायी स्तम्भहरु यथावत छन् ।

वनको दिगो व्यवस्थापनद्वारा स्थानीय वन उपभोक्ताहरुको हक, अधिकार र निर्णायक भूमिकालाई स्थापित गर्न हालसम्मको वन व्यवस्थापनका सफलता र असफलता दुबै पाटाबाट सिक्दै अगाडि बढ्नु नै आजको आवश्यकता हो न कि सामुदायिक र साझेदारी वन भन्ने विवादमा अल्मलिनु ।

अन्तमा आफ्ना अमूल्य रचना, विचार, सुझाव र सल्लाह दिई योगदान पुऱ्याउनु हुने सबै सहयोगी मित्रहरुलाई धन्यवाद दिदै अघिल्ला अङ्कहरुमा झै यहाँहरुका अमूल्य सुझाव र सल्लाह पाउने आशा गर्दछौं ।

**सम्पादक**

# विषयसूची


संक्षेपमा 'वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६०' - *हरिराज न्यौपाने* ............... १

साझेदारी प्रक्रियामा तराई क्षेत्रको वन सम्पदा - *डा. हिम्मत सिंह के.सी.* ................. ३

तराईमा साझेदारी वन व्यवस्थापन प्रणालीः यथार्थ विकल्प कि मित्थ्या प्रलाप ? - *दिलराज खनाल (अधिवक्ता)* ............................................................ ९

वन सम्बन्धी कविता - *विजयराज न्यौपाने* ........................................................ १६

साझेदारी वन व्यवस्थापनको आवश्यकता र यसको कार्य प्रणालीमा वादविवाद किन ? - *कुमुद श्रेष्ठ* ........................................................................ १७

तराई क्षेत्रमा सामुदायिक वनभन्दा फरक वन व्यवस्थापन प्रणाली किन आवश्यक छ ? सरकारी दृष्टिकोणमाथि एक टिप्पणी - *हरिराज न्यौपाने* ....................................... २४

गरिबमुखी भएर साझेदारी वनलाइ हेर्दा देखेका कुरा - *डा. भरत कुमार पोखरेल* ......... ३२

तराईको वन व्यवस्थापन पद्धति सामुदायिक कि साझेदारी ? - *भोला भट्टराई* ............... ४०

वनको साझेदारी व्यवस्थापन प्रणालीले ल्याएको विवाद - *ध्रुव पौडेल* ......................... ४४

दक्षिण (टाढा) का उपभोक्ताहरुद्वारा उत्तरका वन व्यवस्थापनः सप्तरी जिल्लाको एक अनुभव - *कमल भण्डारी* ............................................................. ४९

जीविकोपार्जनको लागि वन कार्यक्रम र साझेदारी वन व्यवस्थापन - *ठाकुरप्रसाद पाण्डे* . ५२

सरकारी निर्णय र परिपत्रको चेपटामा तराईको वन - *सोमत घिमिरे* ........................... ५४

वनको पुकार - *बासु काफ्ले* ........................................................................ ५८

सामुदायिक वन र राजस्वको सवाल - *हेमन्तराज ओझा* ................................... ५९

जिज्ञासा/सुझाव ........................................................................................ ६२

नेपाली भाषामा उपलब्ध प्राकृतिक स्रोत तथा सामुदायिक वन सम्बन्धी प्रकाशनहरु ....... ६३

सन्दर्भ सामाग्री ........................................................................................ ६४